मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

२६ औं वर्षमा

Purwanchal National Daily

◆ वर्ष : २६ ◆ अङ्क : २२६ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७८ असार २८ गते सोमवार (Monday, July 12. 2021) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु : ५/– भारतमा भारु : ४/–



सूचना

बालबालिकामाथि हिंसा, दुर्व्यवहार भएको घटना लुकाउनु भनेको बालबालिकालाई अझ बढी जोखिममा पार्नु हो, तुरुन्त उजुरी गरौं, बालबालिकाको संरक्षण गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग


## खेलकुद र साहित्य विधाका पाँच अग्रजलाई सम्मान



तस्वीर : बिनोद पाण्डे/पूर्वाञ्चल

**अर्जुनधारा, असार २७।** अर्जुनधारा नगरपालिकाले खेलकुद र साहित्य विधाका पाँच जना अग्रज व्यक्तित्वलाई आइतबार एक कार्यक्रमकाबीच सम्मान गरेको छ ।

नगरपालिका अन्तर्गत रहेको खेलकुद समितिले एथलेटिक्सका हेमनारायण चौधरी, करातेका नारायण सुब्बा, तेक्वान्दोका जीतेन मेचे र फुटबलका भगिरथ आले 'मामा' तथा भाषा, कला, साहित्य तथा संस्कृति प्रबर्द्धन समितिले साहित्यकार सरोजकुमार ओलीलाई सम्मान गरेको हो ।

नगर खेलकुद विकास समितिका संयोजक अर्जुन मेचेका अनुसार खेलकुदतर्फका चार जना अग्रज खेलाडीलाई जनही नगद १५ हजारसहित सम्मान-पत्र र दोसल्ला ओढाई दीर्घ खेलकुद सेवा सम्मानबाट र साहित्यतर्फ साहित्यकार ओलीलाई नगद ५१ हजार सहित सम्मान-पत्र र दोसल्ला ओढाई दीर्घ साहित्य सेवा पुरस्कारबाट सम्मानित गरिएको थियो ।

नगर प्रमुख हरिकुमार रानाको अध्यक्षता र खेलकुदतर्फ प्रदेश नं. १का आन्तरिक मामिला तथा कानूनमन्त्री हिक्मतकुमार कार्की तथा साहित्यतर्फ वरिष्ठ साहित्यकार कोमलप्रसाद पोखरेलेको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा खेलकुदतर्फको व्यक्तित्व परिचय समितिका सदस्य एवम् सञ्चारकर्मी रमेश समदर्शीले र साहित्यतर्फको व्यक्तित्व परिचय साहित्यकार कृष्ण बरालले गरेका थिए ।

कार्यक्रममा प्रमुख अतिथिद्वय मन्त्री कार्की र वरिष्ठ साहित्यकार पोखरेल, सम्मानित व्यक्तित्वद्वय आले र ओलीलगायतले मन्तव्य व्यक्त गरेका थिए । भाषा, कला, साहित्य तथा संस्कृति प्रबर्द्धन समितिकी संयोजक सुशीला सुवेदीले स्वागत गरेको कार्यक्रमको सञ्चालन समितिका सदस्य एवम् सञ्चारकर्मी कुमार भट्टराईले गरेका थिए ।

## पढाइ बन्द, निर्माण धमाधम

**झापा, असार २७।** कोरोना भाइरसको बढ्दो संक्रमणका कारण अहिले पनि झापासहित देशभरका सबै विद्यालय बन्द छन् । विद्यालय बन्द भएसँगै पठनपाठन ठप्प छ ।

केही विद्यालयले वैकल्पिक विधिद्वारा (अनलाइन कक्षा) पठनपाठन गराए पनि धेरै विद्यालय र विद्यार्थी अनलाइनको पहुँचमा नहुँदा सामुदायिक मात्र होइन निजी विद्यालयको पनि पठनपाठन हुन सकेको छैन । तर, कोरोना कहरमा सामुदायिक विद्यालयले भने भौतिक निर्माणलाई प्राथमिकता दिएर धमाधम विद्यालय भवन निर्माण गरिरहेका छन् ।

बाह्रदशी गाउँपालिकाभित्र रहेका सबैजसो विद्यालयले अहिले पठनपाठन ठप्प भएको समयमा भौतिक निर्माणलाई प्राथमिकता दिएका छन् । संघ, प्रदेश र स्थानीय तहमार्फत प्राप्त बजेटबाट भौतिक निर्माणलाई प्राथमिकता दिएको गाउँपालिकाले जनाएको छ । तराई-मधेश समृद्ध कार्यक्रम अन्तर्गत बाह्रदशी गाउँपालिका-५ र ७ नम्वर वडामा रहेका दुई वटा विद्यालयको भवन निर्माणको काम अहिले धमाधम भइरहेको बाह्रदशी गाउँपालिका-५का वडाध्यक्ष भूपेन्द्र कटुवालले जानकारी दिए । वडा नम्वर ५मा फूलवारी माध्यमिक विद्यालय र वडा नम्वर ७मा रहेको गौरीशंकर माविको भवन निर्माण भइरहेको छ ।

गाउँपालिकाले शिक्षा क्षेत्रको सुधारका लागि यो वर्ष भौतिक निर्माणलाई प्राथमिकतामा राखेको छ । गाउँपालिकाभित्र रहेका विद्यालयको ८० प्रतिशत भौतिक सुधारको काम सकिएको बाह्रदशी गाउँपालिका-५का वडाध्यक्ष कटुवालले बताए । गौरीशंकर माविमा ४० लाख रुपैयाँको लागतमा दुई तले भवन निर्माण भइरहेको प्रधानाध्यापक लेखनाथ कटुवालले जानकारी दिए । संघीय सरकारको तराई-मधेश समृद्ध कार्यक्रमबाट प्राप्त रकममा गाउँपालिकाले १० प्रतिशत थप रकम प्रदान गरेसँगै विद्यालय भवन निर्माण भइरहेको छ- प्रधानाध्यापक कटुवालले भने ।

पहिलो चरणमा २६ लाख रुपैयाँले भवन निर्माणको काम शुरु भएको थियो- प्रधानाध्यापक







लेखनाथ कटुवाल

(बाँकी अन्तिम पृष्ठमा)

## माओवादी केन्द्र बैधानिक : निर्वाचन आयोग

**झापा, असार २७।** निर्वाचन आयोगले पुष्पकमल दाहाल नेतृत्वको नेकपा (माओवादी केन्द्र) को वैधानिकता कायम रहने निर्णय गरेको छ ।

एमाले नेता टोपबहादुर रायमाझी र प्रभु साहलगायतको योजनामा अधिवक्ता सरोज बुढाथोकीले असार २३मा दिएको निवेदन निर्वाचन आयोगले खारेज गरिदिएको हो ।

त्यसैगरी, अर्का निवेदक भविसोर पराजुलीले असार २५ गते माओवादी केन्द्रको लेटरप्याड प्रयोग गरेर निर्वाचन आयोगमा दिएको अर्को निवेदन पनि आयोगले खारेज गरिदिएको छ । साथै, त्यसरी अन्य दलको लेटरप्याडको दुरुपयोग नगर्न आयोगले भविसोर पराजुलीलाई सचेत गराउने निर्णय समेत गरेको छ ।

प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलिया र आयुक्तहरु सगुनसमशेर जबरा, जानकी कुमारी तुलाधर, रामप्रसाद भण्डारी र ईश्वरीप्रसाद पौड्यालको संयुक्त बैठकले प्रचण्ड नेतृत्वको माओवादी केन्द्र वैधानिक रहेको निर्णय गरेको हो ।

## फ्रेममा समबेदना-पत्र नल्याउन आग्रह



**बिर्तामोड, असार २७।** एमाले नेता ज्ञानुराम प्रसाईको परिवारले समवेदना व्यक्त गर्ने परम्परागत शैलीमा परिवर्तन गरी श्रद्धाञ्जली मात्रै व्यक्त गर्न शुभेच्छुकसँग आग्रह गरेको छ ।

लामा-लामा समवेदना पत्रसहित उपस्थित हुने विद्यमान शैलीका कारण पीडामाथि झन् पीडा हुने देखिएको स्मरण गर्दै प्रसाई परिवारले आफ्ना शुभेच्छुक-शुभचिन्तकसँग समवदेना पत्र नल्याउन अनुरोध गरेको हो ।

नेता प्रसाईको असार २५ गते चारआली-चन्द्रगढी सडकखण्डमा आफैंले चलाएको कार दुर्घटनामा परी निधन भएको थियो । प्रसाई परिवारले आफूहरुमाथि परेको बज्रपात सहन गर्न कठिन भइरहेका बेला समवेदना पत्रसहित उपस्थित हुने र वाचन गर्ने शैलीले थप मर्माहत बनाउने जनाएको छ ।

परम्परागत यो शैलीलाई हटाइदिन प्रसाई परिवारले आग्रह गरेको भाइ टीका प्रसाईले बताए । टीकाले भने- 'कतिपय अवस्थामा समवेदना-पत्र पढ्नासाथ परिवारजन भावविह्वल हुने गर्छन् । सीसाका फ्रेममा सजाएर ल्याइएका समवेदना पत्र राख्ने ठाउँ समेत अभाव हुन्छ । 'प्रसाईका श्रीमती पवित्रा, छोरा प्रजेश, छोरी प्रज्ञा र भाइ टीकाले ज्ञानुरामको दशगात्र कर्म गरिरहेका छन् ।

## 'खोप अभाव हुँदैन'



**काठमाडौँ, असार २७।** प्रधानमन्त्री केपी शर्मा ओलीले कोभिड-१९ विरुद्ध लगाइने खोपको अभावमा नागरिक तड्पिनु नपर्ने बताएका छन् ।

नेपालकै सबैभन्दा पुरानो अस्पताल वीर अस्पतालको नवनिर्मित सर्जिकल भवन उद्घाटन समारोहलाई आइतवार सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले अधिकतम् प्रयास गरेर जनताको जीउज्यानको सुरक्षामा सरकार गम्भीरताका साथ लागिरहेकाले नियमित रुपमा खोप आइरहने विश्वास दिलाए ।

प्रधानमन्त्री ओलीले भने- भ्याक्सिन उपलब्ध गराएका छौं, भ्याक्सिन आइरहेको छ, हिजो आयो, भोलि पनि आउँछ, त्यसपछि पनि आउँछ, जतिसक्दो चाँडो ठूलो सङ्ख्यालाई खोप उपलब्ध गराउने कुरामा नयाँ-नयाँ सम्झौताका लागि प्रयास भइरहेको छ । उनले यस वर्षको अन्तिम (सन् २०२१) भित्र सबै जनतालाई खोप लगाइसक्ने योजना सार्वजनिक गरे । प्रधानमन्त्री ओलीले थपे- अब खोपको अभावबाट हामी तड्पिनुपर्ने अवस्था आउँदैन, केही समय त्यस्तो स्थिति आउला कि जस्तो देखिएको थियो, अब नपाउने स्थिति

(बाँकी अन्तिम पृष्ठमा)

## युवकको हत्या गरेर भागेपछि...

**बिराटनगर, असार २७।** सुनसरी इटहरी-१का २४ बर्षीय रवीन चौधरीको हत्यामा संलग्न भई फरार रहेका प्रतिबादी इटहरी-२का ३१ बर्षीय उमेश श्रेष्ठलाई पक्राउ गरी कारागार चलान गरिएको छ ।

मिति २०६५ साल पुस १ गते रवीन चौधरीको इटहरी-५ स्थित संगम चोकमा धारिलो हतियार प्रहारबाट मृत्यु भएको थियो ।

पक्राउ परेका उनलाई सम्मानित सुनसरी जिल्ला अदालतबाट कर्तब्य ज्यान मुद्दामा दोषी ठहर भई २० बर्ष कैद भुक्तानका लागि क्षेत्रीय कारागार झुम्का पठाइएको छ ।


बाल्मीकि एजुकेशन फाउण्डेशन
**बिर्तामोडको विद्यार्थी भर्ना सम्बन्धी सूचना**

Balmiki Education Foundation

शैक्षिक सत्र २०७८का लागि यस **बाल्मीकि एजुकेशन फाउण्डेशन**मा **नर्सरीदेखि कक्षा ८** सम्मका लागि नयाँ विद्यार्थी भर्ना खुलेको सम्पूर्ण अभिभावकहरुमा सहर्ष जानकारी गराउँदछौं ।

**भर्ना आवेदन फारम विद्यालय प्रशासनबाट प्राप्त गर्न सकिनेछ ।**

**भर्नाः २०७८ असार ६ गते आइतवारदेखि । समय : विहान १० बजेदेखि १ बजेसम्म**

विस्तृत जानकारीका लागि
**बाल्मीकि एजुकेशन फाउण्डेशन**
बिर्तामोड-१, झापा
०२३-५४०१५५/ ५४२८२०


## लागूऔषधको धन्दामा बिदेशी महिला सक्रिय

लक्ष्मी उप्रेती

**काँकरभिट्टा, असार २७।** पछिल्लो समय लागूऔषधको धन्दामा बिदेशी महिलाहरुको समेत सक्रियता देखिएको छ ।

यसको ओसारपसार तथा सेवनमा प्रहरीले विदेशी महिलालाई समेत धमाधम पक्राउ गर्न थालेपछि यस्तो रहस्य बाहिर आएको हो । इलाका प्रहरी कार्यालय काँकरभिट्टाले चालू आर्थिक वर्ष २०७७/०७८ को जेठ मसान्तसम्ममा यसमा संलग्न ५७ जनालाई पक्राउ गरेको छ । त्यसमा २ विदेशीसहित ६ जना महिला रहेका छन् । गतआर्थिक वर्ष २०७६/०७७मा १ जना नेपाली महिलालाई प्रहरीले पक्राउ गरेको थियो ।

इलाका प्रहरी कार्यालय काँकरभिट्टामा लागूऔषध कारोबारमा संलग्न पक्राउ गरेको संख्या अघिल्लो आर्थिक वर्ष २०७६/०७७ र चालू आर्थिक वर्ष २०७७/०७८ को जेठ मसान्तसम्म स्थिर रहे पनि मुद्दाको संख्यामा भने वृद्धि भएको छ । कार्यालयको तथ्यांङ्क अनुसार अघिल्लो आर्थिक वर्ष २०७६/०७७मा ५७ जना पुरूषलाई प्रहरीले पक्राउ गरेको थियो । चालू आर्थिक वर्ष २०७७/०७८ को जेठ मसान्तसम्ममा लागूऔषधमा संलग्न ५७ जनालाई नै पक्राउ परेका छन् ।

पक्राउ पर्ने पुरूषको संख्या बराबरी रहे पनि लागूऔषध सम्बन्धिका मुद्दाका केही संख्या बढेको छ । अघिल्लो आर्थिक वर्ष २०७६/०७७ एकवर्षको अवधिमा ५७ पुरूष र एक महिला गरी ५८ जनालाई प्रहरीले पक्राउ गरेको थियो त्यसवर्ष लागूऔषधमा संलग्न १४ जना पुरूष फरार रहेका प्रहरीले जनाएको छ । त्यस वर्ष ३१ वटा मुद्दा दर्ता भएका थिए ।

चालू आर्थिक वर्ष २०७७/०७८को ११ महिनामा ६३ जना कारोवारीलाई प्रहरीले पक्राउ गरेको कार्यालयको अभिलेखमा उल्लेख छ । चालू आर्थिक वर्षको यो अवधिमा पक्राउ पर्नेमा ५७ पुरूष र ६ जना महिला छन् । चालू आर्थिक वर्षमा लागूऔषधका ४४ वटा मुद्दा दर्ता भएका छन् । अघिल्लो एक वर्षको तुलनामा चालू आर्थिक वर्षको ११ महिनामा मुद्दाको संख्या १३ वटाले बढेको इलाका प्रहरी कार्यालय काँकरभिट्टाको भनाइ छ ।



प्रहरीले चालू आर्थिक वर्ष २०७७/०७८को ११ महिनामा १ सय ६१ एम्पुल डाइजेपाम, १ सय ६३ एम्पुल लुपिजेसिक, १ सय ६४ एम्पुल फेनारगन पक्राउ गरेको छ । सोही अवधिमा ५ सय ८१ ग्राम ९५० मिलिग्राम ब्राउन सुगर, २ केजी अफिम र केएसकेयुएफ ५ सय एमएल बरामद भएको थियो ।

यसैगरी गत आर्थिक वर्षमा डाइजेपाम, लुपिजेसिक र फेनारगन १ सय १६/१ सय १६ एम्पुल, ब्राउन सुगर १ सय ७४ ग्राम ५ सय मिलग्राम, अफिम १ केजी ५ सय ग्राम, एसिई ५३ ग्राम र इएसकेयुएफ १४ बोतल पक्राउ गरेको अभिलेखमा उल्लेख छ । लागूऔषधको मुद्दा वृद्धि हुनुमा नेपाल भारतको सीमानाका वा 'ओपन वोडर' नै भएको प्रहरी अधिकारीहरु बताउँछन् । सीमावर्ती भारतीय बजारमा लागुऔषध सहजरूपमा खरिद गर्न पाइने भएकाले नेपाली सेवनकर्ता त्यहाँ पुगेर सेवन गर्ने अनि साथमा लिएर आउने गरेका छन् ।' मुख्य नाकाबाट आवतजावत गर्नेलाई प्रहरीले चेकजाँचका क्रममा कडाइ गर्न थालेका कारण कारोवारी र सेवनकर्ताहरूले अन्य बाटो प्रयोग गर्ने गरेका छन् ।

१ नम्वर प्रदेशको धनकुटा, धरान, तरहरा, इटहरी, उर्लावारी, दमक, झिलझिले,सुरूङ्गा, विर्तामोड, धुलावारीलगायतका ठाउँबाट कारोवारी र सेवनकर्ता भारतीय सीमावर्ती बजार पानीट्याङ्की, बतासी, खोरीवारी, नक्सालबाडी पुग्ने लागूऔषध नियन्त्रण व्युरो शाखा काँकरभिट्टाले जनाएको छ । लागूऔषधमा संलग्नमाथि प्रहरीले उच्च निगरानी बढाउने गरेको छ । जसका कारण कहिलेकाहीँ यसको ठूलो जालो

(बाँकी अन्तिम पृष्ठमा)


कर्मचारी आवश्यकता

**पदः गोदाम प्रबन्धक (१) Warehouse Manager**
कार्य स्थलः बिर्तामोड

**कार्यविवरण**
१. कम्पनीको सम्पूर्ण गोदाम अपरेसनहरूको निरीक्षण गर्नुपर्ने ।
२. कम्पनीको गोदाममा रहेको सामानतथा वस्तुहरुको कम्पनी निर्देशन अनुसार सुरक्षित भण्डारण सुनिश्चित गर्नुपर्ने ।
३. कम्पनी व्यवस्थापनले निर्देशन गरे अनुसार दैनिक, साप्ताहिक र मासिक आधारमा नियमित रिपोर्ट र तथ्याङ्कहरू बुझाउनु पर्ने ।
४. दैनिक आधारमा ईन्भेन्टरी अनुगमन गर्नुपर्ने र सामानको स्टक छ वा छैन चेक-जाँच गरी समयमै अर्डर गर्नुपर्ने ।
५. स्टक कन्टौल प्रणाली राख्दै भविष्यको क्षमता र योजना बनाउनुपर्ने ।
६. कार्यस्थल र वातावरण सुरक्षित छ वा छैन सुनिश्चित गर्नुपर्ने ।

**शैक्षिक योग्यता**
मान्यताप्राप्त शिक्षण संस्थाबाट व्यवस्थापनवा सो सरह विषयमान्युनतम स्नातकोत्तर उतिर्ण गरी सम्बन्धित क्षेत्रमा ३ वर्ष माथिको अनुभव भएको

**पदः लेखापाल (१) Accountant**
कार्य स्थलः बिर्तामोड

**कार्यविवरण**
१. ग्राहकहरूको नगद र चेक भुक्तानी रसिद दैनिक आधारमा रेकर्ड गर्नुपर्ने ।
२. दैनिक रुपमा भ्याट रजिष्टार अपडेट गर्नुपर्ने ।
३. Petty cash ह्यान्डल गरी खर्च रेकर्ड राख्नुपर्ने ।

**शैक्षिक योग्यता**
मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापनवा सो सरह विषयमा न्यूनतम स्नातक उत्तीर्ण गरी सम्बन्धित क्षेत्रमा २वर्ष माथिको अनुभव भएको

Saathimart.com
अब जमाना स्मार्ट सपिङको

**सम्पर्कः ९८०२०९९९४७, बिर्तामोड, झापा**
Email: hr@saathimart.com

## लागूऔषधको ...

नै प्रहरीको फन्दामा पर्ने गरेको छ ।

इलाका प्रहरी कार्यालय काँकरभिट्टाले मेचीनगरको १ देखि ८ नम्बरसम्मका वडाको शान्ति सुरक्षा हेर्नुपर्दछ । मेचीनगरको ९ देखि १५ नम्बर वडासहित बुद्धशान्ति गाउँपालिकाको १ देखि ७ नम्बर वडा इलाका प्रहरी कार्यालय धुलावारीले हेर्ने भए पनि ठूल्ठूला अपराधका घटना भए इलाका प्रहरी कार्यालय काँकरभिट्टाले हेर्ने गरेको छ ।

## पढाइ ...

कटुवालले भने- यो आर्थिक वर्षमा १७ लाख रुपैयाँले निर्माणको काम अन्तिम चरणमा पुगेको छ। तराई-मधेश समृद्ध कार्यक्रम अन्तर्गत फूलवारी माध्यमिक विद्यालयमा ३५ लाख रुपैयाँ र वडा नं. ३मा राजवंशी समाज विकास समितिको भवन निर्माण भएको छ।

तराई-मधेश समृद्धि कार्यक्रममार्फत विद्यालयको भवन निर्माणसँगै अब बाह्रदशी-७मा रहेको गौरीशंकर माविमा विद्यालय भवनको समस्या हट्दै गएको बताइएको छ। तर, कोभिडको यो समयमा चाहेर पनि आफ्ना बालबालिकालाई अध्ययन अध्यापन गराउन नसकिएको प्रअ कटुवालले बताए। आदिवासी, जनजाति, लोपोन्मुख, सन्थाल सीमान्तकृतसहित विपन्न वर्गका धेरै बालबालिका यस विद्यालयमा अध्ययन गर्छन्, उनीहरुलाई चाहेर पनि अनलाइन कक्षा सञ्चालन गर्न सक्ने अवस्था छैन- प्रधानाध्यापक कटुवालले भने- कोभिडको यो समयमा विद्यालयको पठनपाठन गराउन नसके पनि भौतिक निर्माणलाई प्राथमिकता दिएका छौं ।

कोभिडको संक्रमणका कारण बाह्रदशी गाउँपालिका-७ गौरीशंकर माविको मात्र पठनपाठन प्रभावित भएको होइन सिङ्गो गाउँपालिकाकै विद्यालयको अवस्था उस्तै छ। तर, सबै विद्यालयले यो समयमा भौतिक निर्माणलाई प्राथमिकता दिएका छन्। अहिले गाउँपालिकाको पशुपति माध्यमिक विद्यालयलाई प्राविधिक धारको पठनपाठन गराउन विद्यालय भवन निर्माणको चरणमा छ। अमृत आधारभूत विद्यालयलाई स्तरोन्नति गर्दै माविमा रुपान्तरण गरेसँगै यस विद्यालयमा पनि भवन निर्माणको कामले प्राथमिकता पाएको छ।

त्यस्तै जनज्योति, कटरडाँगी, घोडामारामा रहेको विद्यालयको पनि भवन निर्माणको काम भइरहेको बताइएको छ। जनविकास र घोडामारा आधारभूत विद्यालयलाई संघीय सरकारबाट विशेष अनुदानबापत एक करोड रुपैयाँ बजेट प्राप्त भएको बताइएको छ। अमृत आधारभूत विद्यालय वडा नम्बर १, जनविकास आधारभूत विद्यालय वडा नम्बर ४ र वडा नम्बर ६को पञ्चमणि आधारभूत विद्यालयको स्तरोन्नति गरिएको बताइएको छ। गाउँपालिकाभित्र सबै वडाका बालबालिकालाई विद्यालयको पहुँचमा ल्याउन सामुदायिक विद्यालयको शैक्षिक र भौतिक सुधारका कार्यक्रम सञ्चालन गरिएको बताइएको छ।

## खोप ...

हामीकहाँ छैन, सबैलाई खोप लगाएर सुरक्षित राख्न सक्छौं। उनले स्वास्थ्य क्षेत्रमा उपचारका सुविधा बढाउँदै नेपाली जनताको जीवन रक्षामा सरकार सफल हुने विश्वास व्यक्त गरे।

**कोभिडको तेस्रो/चौथो लहरतर्फ सचेतता**

'जीवन पहिला' भन्ने नाराका साथ कोभिडविरुद्धको लडाइँ अघि बढाइएको प्रम ओलीले स्मरण गराए। जनताको जीवन नै सबैभन्दा ठूलो प्राथमिकताको विषय हो, त्यो नै ठूलो सम्पत्ति हो र जीवनको रक्षा सबैभन्दा ठूलो कर्तव्य हो- प्रधानमन्त्रीले भने। उनले स्वास्थ्य सेवाको पर्याप्तता नभएको र साधन स्रोतको न्यूनता रहेको नेपालमा ठूलो सफलताका साथ कोभिड नियन्त्रण गरिएको बताए। कोभिडको तेस्रो/चौथो लहर चल्छ भन्ने कुरा आएकोतर्फ सचेत गराउँदै प्रधानमन्त्रीले नागरिकलाई लापरवाही नगरी सजगता अपनाउन आग्रह गरे।

वीर अस्पताल विविध कारणले सञ्चालन परिचालन र विकास अपेक्षाकृत हुन नसकेको तर्फ ध्यानाकर्षण गराउँदै उनले मानवीय र सेवाभावबाट प्रेरित भएर सम्पूर्ण शक्ति परिचालन गरी प्रभावकारी सेवामा जुट्न अस्पताल प्रशासनलाई निर्देशन दिए। उनले बिरामी र आफन्तसँग गरिने व्यवहारमा सुधारको खाँचो औँल्याउँदै स्वास्थ्य बलियो राख्न खानपिन र आहारविहारमा सुधार गर्न नागरिकलाई सुझाव दिए।

नेपाल धर्तीकै ज्ञान प्रारम्भ भएको, चिकित्सा विज्ञान, शल्यक्रिया, औषधि विज्ञानको शुरुवात भएको मुलुक भएर पनि बीचमा त्यस्ता उपलब्धि हराउँदै गएको प्रसङ्ग जोड्दै प्रधानमन्त्री ओलीले नेपालमा साढे दुई हजार वर्षअघि शल्यक्रिया विज्ञानको विकास गरिएको, त्यसको महत्वपूर्ण पक्ष चिकित्साशास्त्रको 'श्रुतिसंहिता' र औषधि विज्ञानको 'चरकसंहिता' भएको तथा त्यसैका आधारमा आयुर्वेदको विकास भएको बताए।

औषधि विज्ञानको प्रभावकारिता विश्वको कुनै पनि विश्वविद्यालयमा रहेको तर नेपालमा भने विश्वास हराउँदै गएकामा उनले चिन्ता प्रकट गरे। प्रधानमन्त्री ओलीले त्यस अवस्थाबाट वीर अस्पतालको शुरुआत भएको र यसले नै स्वास्थ्य शिक्षाको शुरुआत गरेर अर्को ऐतिहासिक काम गरेकामा प्रशंसा गरे।

प्रधानमन्त्री ओलीले विगतमा जस्तो नभई वर्तमान नेपालको चिकित्सा क्षेत्र धेरै बलियो भइसकेको धारणा व्यक्त गर्नुभयो। हिजो हामीकहाँ धेरै अभाव थियो, मेरै मिर्गौला प्रत्यारोपण (२०६४ साल साउन) भारतमा गरिएको थियो, अहिले नेपालमा सफलताका साथ प्रत्यारोपण हुने स्थिति आएपछि दोस्रोपटक नेपालमै गर्न पाएको छु- प्रधानमन्त्रीको भनाइ थियो। उनले बाहिरभन्दा सफलतापूर्वक र व्यवस्थित ढङ्गले नेपालमा उपचार पद्धतिको विकास भएको आफ्नै अनुभव सुनाए।

प्रधानमन्त्री ओलीले आफ्नो दोस्रो मिर्गौला प्रत्यारोपण गर्दा रु. सात/आठ लाख लागेकामा त्यही उपचार बाहिर भएको भए कम्तीमा रु. २० देखि २५ लाख लाग्ने जिकिर गरे। कोरोना महामारीका बेला पहिलोपटक हङ्कङमा स्वाब परीक्षण गराउनुपरेको यथार्थ सुनाउँदै प्रधानमन्त्री ओलीले अहिले १०० भन्दा बढी ठाउँबाट परीक्षण भइरहेको जानकारी गराए। स्वास्थ्य क्षेत्रमा दक्ष जनशक्ति बढिरहेको, विशिष्टीकृत अस्पताल बनेको, उपकरण उपलब्धताका हिसाबले समेत चिकित्सा क्षेत्र धेरै माथि बढिसकेको जनाउँदै उनले तीन वर्षमा स्वास्थ्य क्षेत्रले ठूलो फड्को मारेको दावी गरे। स्वास्थ्य क्षेत्रलाई सरकारले पनि सबै हिसाबले आधुनिक र सुविधायुक्त बनाउँदै लगेको जानकारी दिँदै प्रधानमन्त्री ओलीले भने- ज्ञान, शास्त्र, अक्षर, गणित र अङ्क नेपालमै उत्पन्न भएको हो, यसलाई फेरि पनि ज्ञानको उत्पादन र वितरणको केन्द्र बनाउनुपर्छ।

**स्वास्थ्य क्षेत्रलाई सर्वसुलभ बनाउन अनुरोध**

नेपालमा जस्तो सस्तो उपचार कहीँ पनि नभएको बताउँदै प्रधानमन्त्री ओलीले नेपालको स्वास्थ्य क्षेत्रलाई सर्वसुलभ बनाउन सम्बद्ध सबैमा अनुरोध गरे। उनले वीर अस्पतालले पुरानो प्रभाव र प्रतिष्ठालाई अझै माथि उठाउने विश्वास व्यक्त गर्दै चिकित्सा उपचार गरेर मात्रै नहुने भएकाले बिरामीप्रति गर्ने व्यवहार र मनोवैज्ञानिक उपचारतर्फ पनि ध्यानाकर्षण गराए।

अस्पताल भवन मात्रै नभई सेवाको मन्दिर हो भन्ने भावनाका साथ काम गर्न प्रधानमन्त्री ओलीले कर्मचारीलाई सुझाव दिँदै अस्पताललाई पूर्ण क्षमतामा लैजान निर्देशन दिए। प्रधानमन्त्री ओलीले वीर अस्पतालको भवनलगायत विभिन्न परियोजना समयमै निर्माण सम्पन्न गरी राष्ट्र निर्माणमा महत्वपूर्ण योगदान पुऱ्याउने निर्माण कम्पनीलाई धन्यवाद दिए। उनले चिकित्सा सेवाको आवश्यकता बोध गरी यस क्षेत्रमा नयाँ थालनी गर्ने वीरशम्शेरप्रति पनि आदरभाव व्यक्त गरे।

समारोहमा चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानका उपकुलपति प्रा.डा. देवनारायण साहले नवनिर्मित सर्जिकल भवन ५०९ शय्याको रहने जानकारी गराए। सर्जिकल विधाको सेवा, शिक्षा र अनुसन्धानमा यसले नयाँ आयाम थप्ने उनले विश्वास व्यक्त गरे। उनले भवन निर्माणका क्रममा दुर्घटनामा मृत्यु भएका दुई मजदूरका परिवारलाई अस्पतालबाट हुने सबै स्वास्थ्य सेवा उपलब्ध गराइने घोषणासमेत गरे।

वीर अस्पतालका प्रमुख प्रशासकीय अधिकृत प्रा.डा.जागेश्वर गौतमले अस्पतालबाट विशिष्टीकृत विशेषज्ञ सेवा दिइने जानकारी गराउँदै सरकारबाट थप रु. पाँच अर्ब प्राप्त भए अस्पतालले सेवा निःशुल्क गर्न सक्ने पनि जानकारी दिए। समारोहमा भवन निर्माण गर्ने एक चिनियाँ र दुई नेपाली कम्पनी (जेडआइइसी-शर्मा रसुवा जेभी) का प्रतिनिधि रमेश शर्माले सरकारले कोभिडका कारण छ महिना समयसीमा बढाएको भए पनि उक्त समय नलिई तोकिएको समय अगावै भवन निर्माण सम्पन्न गरेर हस्तान्तरण गरिएको जानकारी दिए। भवन निर्माणको समय यही २०७८ कात्तिकसम्मको थियो।

समारोहमा प्रधानमन्त्री ओलीले तोकिएको समय अगावै निर्माण सम्पन्न गरेकामा निर्माण कम्पनीलाई कदरपत्रसहित सम्मान गरेका थिए।


**सस्तोमा जग्गा विक्रीमा**

झापाको कनकाई नपा-४ कृषि मार्गस्थित ५० फुटे बाटोमा १० धुर तथा पर्यटकीय स्थल सिमसार जाने बाटोमा ३५ फुट मुख भएको १० धुर जग्गा विक्रीमा छ।

**सम्पर्क: ९८०८४५६५५१**

**बिर्ता (सेफ्टी तथा ढल सफाई)**

**बिर्तामोड, झापा**

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

**कर्मचारी आवश्यकता**

यस पूर्वेली ढुवानी सेवा बिर्तामोडका लागि एक जना एकाउण्टेन्ट तु-आवश्यक परेकाले इच्छुक व्यक्तिले सम्पर्क राख्नु होला ।


नोटः
- स्थानीयलाई विशेष ग्राहयता दिइनेछ ।
- लेखा सम्बन्धी सबै काम गर्न जान्ने ।
- तलब आपसी समझदारीमा तय गरिनेछ ।

सम्पर्क : **पूर्वेली ढुवानी सेवा**
९८१७०९८०९८/९८०१४२३८०५



"भाका, भुल, दया, क्षमा र ममता, सन्तोष मान्दैन त्यो
आयो टप्प टिप्यो, लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो"

**श्रद्धाञ्जली/समवेदना**



जन्म : वि.सं. २०१७/३/१३

निधन : वि.स. २०७८/३/२३

**स्व. परशुराम अग्रवाल**

भद्रपुरका पुराना बासिन्दा, मेरा आत्मीय भाइ **परशुराम अग्रवाल (साहेवाला)** को ६१ वर्षकै आयुमा यही असार २३ गते भएको असामयिक निधनले म स्तब्ध र विचलित छु। भद्रपुरमा मात्र नभएर झापा जिल्लामै उहाँको कर्मशीलता, लगन, अभिमानरहीत भाइचारा, उद्यम, मृदुपन र सर्वपक्षीय बन्धुत्वभाव उदाहरणीय रहेको छ।

उहाँकै आत्मीयता, हार्दिकता, परामर्श र प्रेरणाले मलाई जीवनमा जुन सान्त्वना प्राप्त भएको थियो र समाजसेवामा अग्रसर हुन जुन आत्मबल प्राप्त भएको थियो, त्यो मेरो जीवनको कोशेढुंगा बन्ने छ। आज उहाँसँगको चिर वियोगको यो शोकपूर्ण घडीमा भावविह्वल मनले उहाँको आत्माको चिर शान्तिका निम्ति भगवानसित प्रार्थना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु।

साथै, अभिभावक वियोगमा शोकाकुल उहाँका परिजन श्रीमती मञ्जु, छोरा नितेष (लाला) र बुहारी हर्षा, छोरीहरू- पूजा, स्वीटी, निधि र मनिषा; नातिहरू- नारायणराज र कृष्णराज लगायत शोकाहत सम्पूर्ण साहेवाला परिवारमा गहिरो समवेदना व्यक्त गर्दछु।

**दीनबन्धु गोयल तथा परिवार**
भद्रपुर/बिराटनगर



यौटा सृष्टि विधान रचेर किन हो, जाँदा यहाँ कष्ट भो । रोजी फूल थियो झऱ्यो नियतीले, संहार भो नष्ट भो ।।
हामीलाई दिएर मार्ग पथको, यात्रा सिकाई दियौ । हामीवाट कसोरी झट्ट अहिले, विदा नमागी गयौ ।।

# भावपूर्ण श्रद्धाञ्जली/समवेदना



जन्म
२०२४।०८।१३

स्वर्गारोहण
२०७८।०३।२५

**स्व. ज्ञानुराम प्रसाई**

नेकपा (एमाले) बिर्तामोड नगर कमिटी अध्यक्ष, कुशल राजनीतिकर्मी, सामाजिक व्यक्तित्व **ज्ञानुराम प्रसाई**को यही २०७८ असार २५ गते शुक्रबार भएको अकल्पनीय निधनले हामीलाई अत्यन्त स्तब्ध, दुःखी एवम् मर्माहत बनाएको छ ।
दुःखको यस क्षणमा गतात्माको बैकुण्ठबास र सायुज्य मुक्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । शोकको यस पीडादायी क्षणमा रहनुभएकी श्रीमती पवित्रा महतरा प्रसाई, छोरा प्रवेश प्रसाई, छोरी प्रज्ञा प्रसाई लगायत शोक सन्तप्त प्रसाई परिवारमा शोक सहन गर्ने शक्ति प्राप्त होस् भन्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**लोकबन्धु कन्दङ्वा । पवनकुमार विन्दल (पप्पु) । गोपीचन्द्र गिरी**

बिर्तामोड, झापा



श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

## सम्पादकीय

# जनसंख्या दिवसको सान्दर्भिकता

**कुनै खास ठाउँमा, कुनै निश्चित समयमा बसोवास गर्ने मानिसको जम्मा संख्या जनसंख्या हो । अर्थात् जनसंख्याले कुनै खास ठाउँमा रहेका बालबालिका, किशोरकिशोरी, युवायुवती, वयस्क र वृद्धवृद्धाको योगलाई बुझाउँछ । त्यही जनसंख्या कुनै पनि ठाउँ, क्षेत्र वा देशको विकासको पहिलो आधार हुन्छ । जनसंख्याको त्यही महत्वलाई आत्मसात गरी सन १९८७ को जुलाई ११ विश्वका प्रमुख राष्ट्रहरूको सहभागितामा सम्पन्न पपुलेशन समिटले विश्व जनसंख्या दिवस मनाउने निर्णय गरेको थियो । त्यसकै आधारमा सन् १९८९ देखि विश्वभर विविध कार्यक्रम गरेर यो दिवस मनाउन थालिएको हो । विकासका लागि जनसंख्या आवश्यक हुन्छ र सँगै सुनिश्चित भविष्य, देशको सुरक्षाका लागि सन्तुलित जनसंख्या चाहिन्छ ।**

**भौतिक सुख, आधुनिकता र तीब्र विकासको चाहनाले विकसित देशहरुमा जनसंख्या कम हुँदै गएको छ । त्यसमाथि अहिले कोरोना आतंकले जनसंख्या सुरक्षामा चुनौति थपिएको छ । डेढ वर्षको अवधिमा विश्वका चालिस लाखभन्दा बढी मानिसले कोरोनाकै कारण जीवन गुमाएका छन् । मानिसको जीवन रक्षा गर्नकै लागि कोरोनाविरूद्ध खोप उत्पादन पनि भइरहेको छ । यसबीचमा पनि नियमित रुपले स्वभाबिक मृत्यु र जन्मको चक्र यथावत छ । यस्तोमा जनसंख्या वृद्धि सकारात्मक कि नकारात्मक भन्ने वहस विद्यमान नै छ । यही समय आएको विश्व जनसंख्या दिवसमा विगत जस्तो औपचारिक कार्यक्रम नभए पनि यसको उपादेयता उत्तिकै छ । किनकि जनशक्ति विकासको आधार हो जसले सन्तुलित विकास र सुदूर भविष्यको रेखाङ्कन गर्दछ ।**

**कतिपय देशले जनसंख्याको तीव्र वृद्धिले खाद्यान्नदेखि प्रकृतिसम्मलाई असर गर्छ भन्दै नियन्त्रणको नीति लिएका थिए । खासगरी ठूलो जनसंख्या भएको चीनले एक सन्तानको नीतिलाई कडाइका साथ कार्यान्वयन गरेको थियो । तर, उसले पनि जनशक्तिको अपरिहार्यतालाई स्वीकार गरेर त्यसलाई खुकुलो पार्दै लगेको छ । अन्य थुप्रै समृद्ध देशहरू हामी जस्ता पछौटे देशका युवाशक्तिलाई उपयोग गरेर सन्तुलित र व्यवस्थित विकासको प्रतिस्पर्धा गरिरहेका छन् । विकासका लागि आवश्यक राजनीतिक स्थीरताको अभावमा हाम्रा स्थापित उत्पादनमूलक संस्थाहरू बन्द भएका छन् । सञ्चालित उद्योगहरू पनि यही राजनीतिक घटनाक्रम र विपदाहरूबाट अप्रभावित हुन सकेका छैनन् । यस्तोमा राजनीतिक स्थीरता कायम गरी स्वदेशमै काम गर्ने वातावरण तयार गर्ने सरकारको मूल जिम्मेवारी हुनुपर्छ । सम्पूर्ण रूपले परनिर्भर हुँदै गएको सामाजिक तथा आर्थिक जीवनलाई आत्मनिर्भरतातर्फ उन्मुख गर्ने नीति अवलम्बन गर्नुपर्छ । अवसरको खोजीमा पलायन भइरहेको सक्रिय उमेरका साठी प्रतिशत युवाशक्तिलाई देशमै रोक्न र सदुपयोग गर्न राज्यलाई यो दिनले प्रेरित गर्नुपर्छ । जनसंख्या र विकास एकअर्काका पूरक भएको सत्य आत्मसात गरेर विकासको यात्रा तय गर्नुपर्छ ।**

### कोभिडको सम्भावित तेस्रो लहर :

# प्रतिक्रियात्मक कि स्वक्रियात्मक रोकथामको उपाय ?



तीर्थराज खरेल

अहिले विश्वव्यापी रुपमा कोभिड-१९ को महामारी व्याप्त छ। कोरोना भाइरस अर्थात् कोभिड-१९ को कारण विश्वजगत् आज यति नराम्ररी प्रभावित भएको छ कि विकसित मुलुकहरु पनि त्राहीमाम भएका छन्। नेपाल पनि यो महामारीबाट अछुतो रहन सकेको छैन। कोभिड-१९ नोभल कोरोना भाइरसबाट हुन्छ, यो नयाँ प्रजातिको भाइरस हो जुन मानव जातिमा पहिले पहिचान भएको थिएन। हाल विश्व र विशेषगरी भारत र नेपालमा कोभिड-१९ को तेस्रो लहर आउने र ज्यादै ठूलो मानवीय क्षति गराउने सम्भावनाले जनजीवन सन्त्रस्त छ।

विश्वव्यापी महामारीको रोकथामका लागि चीन, संयुक्त राज्य अमेरिका, सिंगापुर, बेलायत, इजरायल, अष्ट्रेलिया, न्यूजिल्याण्ड जस्ता देशहरु आफ्ना धेरैजसो नागरिकलाई कोभिड-१९ विरुद्धको खोप दिएर सहज महशुस गरिरहेका छन्। शुरु-शुरुमा विकसित राष्ट्रहरुमा लाखौं जनसंख्या संक्रमित भए र हजारौं मानिसले ज्यान गुमाए भने विकासोन्मुख देशहरुमा यस भाइरसको संक्रमण तीव्रगतिमा फैलिएर वर्णनातीत मानवीय क्षति भयो। यद्यपि हामी सबै यस भाइरसको नतिजाबाट प्रभावित भएका छौं भने कोही उच्च जोखिममा छौं । विश्व स्वास्थ्य संगठनको एक प्रतिवेदन अनुसार, कोरोना भाइरसले सबै उमेर समूहका व्यक्तिहरुलाई असर गर्न सक्छ, तर पाका उमेरका र गैर-संक्रमित रोग (जस्तै क्यान्सर, कडा दम, मधुमेह, मुटुरोग, मृगौलाको रोग, उच्च वा निम्न रक्तचाप आदि)को साथ बाँचिरहेका मानिसमा यसको संक्रमण बढी देखिन्छ। तुलनात्मक हिसाबले अरु कुनै पनि रोग नलागेका व्यक्तिहरुमा कोरोनाको कारण मृत्यु भएको संख्या अति कम छ।

यतिबेला कोभिड-१९ को नयाँ भेरिएन्टको दोस्रो लहरबाट नेपाल गुज्रिरहेको छ। यसबाट बुढाबुढी मात्र नभएर बालबच्चा र नौजवानहरु पनि पीडित भइरहेका छन्। कोरोना लागिहाल्यो भने पनि सरकारले नै परीक्षण गरिदिन्छ र उपचार पनि गरिदिन्छ भनेर पछिल्ला दिनमा नागरिकमा सचेत हुने बानी पनि हटेको थियो र अहिले लापरवाहीको मात्रा झन् बढेर गएको छ। संविधानमै लेखिएको नागरिकलाई निःशुल्क आधारभूत स्वास्थ्य सेवा दिने दायित्वबाट सरकार पन्छिन मिल्दैन। सिद्धान्ततः हुनेसँग लिने र नहुनेलाई निःशुल्क उपचार गर्ने सरकारी निर्णय सही भए पनि व्यवहारमा कस्ता नागरिकले निःशुल्क उपचार पाउँछन् र कसले पाउँदैनन् भन्ने स्पष्ट थिएन र छैन पनि। नेपाल जस्तो आर्थिक रूपमा विपन्न मुलुकले यो मामिलामा गरेको खर्च धेरै हो। तर, अपारदर्शी र अस्पष्ट निर्णयका कारण पहुँचवाला र सम्पन्न परिवारले मात्रै राज्यको सुविधा लिइरहने सम्भावना थियो। लक्षित वर्ग को हुन् भन्ने निर्क्योल गर्न सजिलो छैन। कोरोनाको जोखिम तिनैलाई झन् बढ्दो छ जसको शरीरमा न सहन गर्ने क्षमता छ न त उपचार खर्च बहन गर्ने क्षमता नै।

कोरोनाको चरम चपेटामा सहर र शहरोन्मुख बस्ती मात्र नभएर समग्र गाउँ नै प्रभावित भइसकेको अवस्था छ अहिले। सामान्य अवस्थामा त एउटा गरीबले आफ्नै खर्चमा कोरोनाको उपचार गर्न सक्दैन भने अहिले अधिकांश त्यस्ता श्रमिक गरीबहरूको आय गुमेको अवस्थामा उनीहरूले कुनै पनि हालतमा कोरोनाको उपचार गर्न सक्दैनन्। कतिपय नागरिकहरु कोरोना पीडित बनेर घरमै थुनिनुपर्ने र गुमनाम मरण स्वीकार्नुपर्ने अवस्था आएको छ। संविधानमा कुनै पनि आपतकालीन अवस्थामा हरेक नागरिकलाई निःशुल्क स्वास्थ्य उपचारको हक हुनेछ भनी लेखे बमोजिम नेपाल सरकारको कोरोनाको उपचार गर्न आवश्यक छ। स्वयम् बिरामीका परिवारले आफैं उपचार गर्नुपर्ने आशयलाई सम्मानित सर्वोच्च अदालतले उल्टाइसकेको छ र सरकारले पनि निर्णय सच्याएको छ।



कोभिड-१९ को नयाँ स्वरूपको भाइरस अल्फा प्लस देखा परेको र नागरिकमा लापरवाही बढ्दै जाँदा भारत, नेपाल र समग्र दक्षिण एसियामा आउँदा केही महिनामा तेस्रो लहर आउने अनुमान गरिएको छ। सम्भावित जोखिमबाट बच्न पूर्व सतर्कता अपनाउन विज्ञहरुले सुझाव दिएका छन्। पहिलेको भन्दा कडाखालको भाइरस रहेकाले विज्ञहरुले सतर्कता अपनाउन सुझाव दिएका हुन्। अहिले देखिएको भाइरसको अर्को मानिसमा सर्न सक्ने क्षमता पनि बढी हुने भएकाले स्वास्थ्यका मापदण्ड अपनाई भाइरस सर्नबाट बच्नुपर्दछ भन्ने चिकित्सकको सुझाव छ। सुन्दा सरल लागे पनि स्वास्थ्यविज्ञबाट दिइएका मापदण्ड अपनाउन नागरिकहरुमा अनकनाहट कायम छ। समग्रमा भन्ने हो भने अन्तर्राष्ट्रिय समुदाय, राष्ट्रिय र स्थानीय सरकार कोभिड-१९ को विरुद्ध लडिरहेका छन्। रोग लाग्नुभन्दा रोग लाग्न नदिनु नै उचित हो। यसका लागि सरकारको भन्दा जनताको भूमिका बढी हुन्छ। समुदाय र स्वास्थ्य प्रणालीहरुले उच्च जोखिम समूहमा रहेका व्यक्तिहरुको रोगको निदान गरेर जोखिम व्यवस्थापन गर्न आवश्यक छ।

विभिन्न जनचेतनामूलक कार्यक्रमहरु मार्फत गैर-संक्रमित रोगको नियन्त्रण र रोकथाम गर्न सकिन्छ र कोभिड-१९ को कारणले उत्पन्न भएका समस्याहरु कम गर्नका लागि सान्दर्भिक नीतिहरु, उपकरण र कार्यक्रमहरु लागू गर्न जरुरी छ। स्वास्थ्य, आर्थिक, शिक्षा, कृषि, शहरी योजना आदि क्षेत्रहरु बीच सहकार्य गरी गैर-संक्रमित रोगको व्यवस्थापनमा राम्रो लगानी गरेर मृत्युदरलाई कम गर्न सकिन्छ। हामी स्वास्थ्य सेवाहरुलाई पुनर्मूल्यांकन र स्वास्थ्य प्रणालीलाई पुनः निर्माण गर्न तयार हुनुपर्छ। हामी भविष्यमा कुनै पनि परिस्थितिमा गैर-संक्रमित रोगलाई रोक्न र निदान गर्न सक्षम हुनुपर्छ। तसर्थ, आजबाट नै हामीले गैर-संक्रमित रोगप्रति ध्यान केन्द्रित गरेनौं भने अब आउने आगामी दिनहरुमा गैर-संक्रमित रोगले विश्वव्यापी महामारीको रुप लिन्छ भन्ने कुरा निश्चित जस्तै छ। कोभिड-१९ का लागि त गैरसंक्रमित रोगको अवस्था भनेको मलिलो धर्ती जस्तै हो। संविधानमा उल्लिखित हक सुनिश्चित गर्नु राज्यको कर्तव्य हो। पैसाको अभावमा वा चेतनाको कमीको कारण घरगाउँमै बसेर कोरोना र निमोनियाका कारण गुमनाम मृत्युवरण गर्न बाध्य हुनुपर्ने परिस्थितिको अब अन्त्य हुनैपर्छ। सरकार जनताको सेवाका लागि तत्पर भएर मात्र यो महामारी नियन्त्रण हुने होइन। जनताको सावधानी, सतर्कता र स्वास्थ्यका निर्देशनलाई अनुशरण गरेर मात्र यसबाट जोगिन सकिन्छ भन्ने शिक्षा बुझ्न र जीवन व्यवहारमा लागू गर्न जरुरी छ।

कोभिड-१९ भाइरस संक्रमणको पहिलो लहरको कारण २०७६ साल चैत्र ११ गते लकडाउन लगाइएको थियो। पहिलो लहरको संक्रमणको श्रृंखला तोड्न घोषणा गरिएको लकडाउन खुले पनि जनजीवन पूर्णरुपमा सामान्य हुन नपाउँदै २०७८ बैशाख १७ गतेदेखि निषेधाज्ञा घोषणा गरियो। हुन त सरकारद्वारा लगाइएको निषेधाज्ञालाई त्यति गम्भीरतापूर्वक लिने काम भएन। कोरोना संक्रमणको पहिलो लहरभन्दा दोस्रो लहर झनै भयावह हुनपुग्यो। फलस्वरूप हालसम्म नौ हजार बढी नागरिकले ज्यान गुमाइसकेका छन्। एकातिर दोस्रो लहरपछि लगाइएको निषेधाज्ञा खुकुलो बनाएपछि चहलपहल बढिरहेको छ भने अर्कोतिर दैनिक दुई हजारभन्दा बढी संक्रमित भएको समाचारहरू आइरहेका छन्। छिमेकी भारतमा कोभिड-१९ को अवस्थाले नेपालमा प्रत्यक्ष प्रभाव पर्ने निश्चित छ। छिमेकी राष्ट्र भारतमा अवस्था भयावह भएपछि नेपालमा पनि लकडाउन वा निषेधाज्ञा लगाउने गरिएको छ। यो प्रतिक्रियात्मक शैली भयो। संक्रमण दर नियन्त्रणभन्दा बाहिर गएपछि कोरोना भायरसको श्रृंखला तोड्न लकडाउन वा निषेधाज्ञा लगाउनु बाहेक सरकारसँग स्वक्रियात्मक उपाय नै नभएको देखिएको छ।

वैज्ञानिक तथा चिकित्साविद्हरू अर्को महिनादेखि कोभिड-१९ को तेस्रो लहर आउनसक्ने सम्भावना देखाइरहेका छन्। यो अवस्थामा नेपाल सरकारले गम्भीरतापूर्वक तयारी गर्न जरुरी छ र सरकारले बनाएको मार्गचित्रलाई नागरिकले बिना शर्त पालना गर्न जरुरी छ। नेपालमा अहिलेसम्म दुवै मात्राको खोप लगाउने संख्या आठ लाख पुगेको छैन। स्थिति अझै पनि सहज छैन र सम्भावित जोखिम धेरै उच्च छ भन्ने सच्चाइलाई सबैले बुझ्न आवश्यक छ। संक्रमणको तेस्रो लहर चलेमा हजारौं जनताले मृत्युवरण गर्न बाध्य हुनुपर्ने विवशता कायम छ। तसर्थ, जनताबाट जागरुकता र बिना प्रश्न स्वास्थ्य विज्ञको सल्लाहसुझाव बमोजिम सरकारले तयार बनाएको नीति र नियमलाई मान्न जरुरी छ भने सरकार पनि अकर्मण्यताको चौघेराबाट बाहिर निस्कन जरुरी छ।

विश्वव्यापी महामारीको रुप लिएको कोभिड-१९ को रोकथाम तथा नियन्त्रणका सम्बन्धमा बनिबनाउ ज्ञान र तयारी त थिएन। त्यसैले नेपाल सरकारले यस सम्बन्धमा आफ्नो विवेक, आर्थिक अवस्था र प्रशासनिक कार्यक्षमता विचार गरी विभिन्न निर्णय गर्दै ती निर्णय कार्यान्वयन सम्बन्धमा गम्भीर बन्दै अघि बढिरहेको छ। जनता र सरकार हातेमालो गर्दै अघि बढ्न आवश्यक छ। कल्याणकारी राज्यव्यवस्था भएको मुलुकको मूल विशेषता भनेको राज्य सञ्चालक अर्थात् सरकार जनताको दुःखकष्टका बेलामा अभिभावक बन्न जरुरी हुन्छ।

सम्पूर्ण जनताको लागि यथाशीघ्र खोपको व्यवस्था गर्ने, सीमानाकामा कडाइका साथ परीक्षण गरेर मात्र आवतजावत गर्न दिने, पीसीआर परीक्षण र कन्ट्याक्ट ट्रेसिङ्गको दायरा बढाउने, प्रत्येक स्थानीय निकायमा थप क्वारेण्टिन र आइसोलेसन वार्डको व्यवस्था गर्ने, पर्याप्त अक्सिजन, भेण्टिलेटर जस्ता अत्यावश्यक स्वास्थ्य सामग्रीको व्यवस्था गर्ने र जनमानसमा सम्भावित जोखिमको बारेमा व्यापक जनचेतना अभिवृद्धि गर्न आवश्यक छ। आएपछि मुकाबिला गरौंला भन्ने प्रतिकृयात्मक विधिभन्दा रोग लाग्नुभन्दा रोगको बाटो छेक्नु नै जाति भन्ने नेपाली आहान झैं कोभिड-१९ को रोकथामको लागि स्वक्रियात्मक उपाय अवलम्बन गर्न जरुरी छ।

*tirthakharel2028@gmail.com*

# नेपालको श्रम क्षेत्रको समस्या र समाधानका उपायहरु



गजेन्द्रबहादुर पौडेल


**वर्तमान वस्तुस्थिति :**

गरिखाने वर्ग र श्रमजीवी मजदुर झन्-झन् गरीब हुँदै जाने वर्तमान परिपाटी र अभ्यास नेपाली कांग्रेसका लागि घातक छ। समाजवादी अवधारणाभित्र यस्तो दृष्य र व्यवहार कहिल्यै देखिँदैन। जुन-जुन देशमा श्रमजीवीले सम्मानजनक जीवन जिउन पाएका छन् त्यो देशहरुले नै समाजवादी अवधारणा र सिद्धान्तको सही प्रयोग गरेका छन्। श्रमिकहरु परजीवी होइनन् उनीहरु आफ्नो श्रम उपयोग गर्न चाहन्छन्। प्रशस्त श्रम अभ्यासको अवसर पाए आफ्नो पाखुरा बजार्ने कहिल्यै पछि नपर्ने श्रमजीवी वर्ग साह्रो-गाह्रोमा सामाजिक सुरक्षा मार्फत राज्यबाट राहत र सहयोग पाउन सकुन। आफ्नै ज्यालाबाट केही योगदान गरेर भए पनि निवृत्ति भरण पश्चात जीवनयापनका लागि पेन्सन पाउन सकुन।

प्रशस्त श्रम अभ्यासको अवसर भएको देशमा अशान्ति र हिंसाका घटनामा उल्लेख्य कमी आएको देखिन्छ। उद्योग र व्यवसाय सञ्चालनमा असहज र जटिल श्रम सम्बन्धलाई कारक मानिँदै आएको नेपालको श्रमबजार वास्तवमा अन्य कारणले रहेछ भन्ने कुरा स्वतः प्रमाणित भएको छ। नेपाली कांग्रेसले आफूलाई श्रमिकको कित्तामा नपुऱ्याए अविभावको रुपमा उभ्याएर व्यवहार पनि सोही अनुसार नगर्ने हो भने कांग्रेसपार्टीको पनि भविष्य निश्चय नै धमिलो छ।

नेपाली कांग्रेसले विश्व परिवेशलाई पनि वाह्य पक्ष र बाह्य राष्ट्रहरुको नीतिलाई गहनरुपमा विश्लेषण गर्न र निकै चलाखीपूर्ण रुपले बुझ्न र त्यसको रणनीतिक जवाफी तयारीमा बस्नु पनि आजको अर्को अति महत्वपूर्ण आवश्यकता हो। आजको मुख्य उत्पादक शक्ति विज्ञान प्रविधिलाई उपयोग गरेर विश्वव्यापी राज गरिरहेको भूमण्डलीकृत पुँजीवादले विश्वव्यापी रूपमा उत्पादनको क्षेत्रबाट श्रमिकहरूलाई विस्थापित गर्ने क्रम तीव्ररूपमा अघि बढाइरहेको छ। यस क्रमले श्रमिकहरू उत्पादनको क्षेत्रमा केन्द्रीकृत हुनुको साटो त्यहाँबाट विस्थापित भएर बेरोजगार वा सेवा क्षेत्रमा असङ्गठित अवस्थामा छरपस्ट हुन पुगेका छन्। साम्राज्यवादी देशहरूले उत्पादन प्रक्रिया र तिनले उत्पीडित राष्ट्रबारे लिएको नीतिका कारण नेपाल जस्तो देशमा प्रत्यक्ष वा छद्म श्रमशक्ति विस्थापन तीव्र हुन पुगेको छ। आज नेपालबाट (हाल ६० लाख) चाँडै करोड पुग्ने दिशातिर लम्किरहेको श्रमशक्तिको बाध्यात्मक विदेश पलायन भनेको देशभित्र उद्योगधन्दा, व्यवसाय नहुनुले हो भन्ने सबैले बुझेकै कुरा हो, तर त्यसको मुख्य कारण भने उत्पीडित राष्ट्रहरूलाई उत्पादन गर्नै नदिने, केवल उपभोक्ता बनाउने आजको साम्राज्यवादी नीति हो।

नेपाल जस्ता उत्पीडित देशका जनतालाई आवश्यक उपभोग्य वस्तु साम्राज्यवादी देशले उत्पादन गरी बेच्ने, तर नेपाल जस्ता उत्पीडित राष्ट्रहरू मै उत्पादन गर्ने प्रक्रियालाई अन्त्य गर्ने नीति नै आजको साम्राज्यवादको मूल नीति हो, जसलाई लागू गर्न उत्पीडित राष्ट्रहरूमा दलाल पुँजीवादी व्यवस्थालाई प्रवर्द्धन गरिरहेको छ। यस्तो नीतिले नेपाल जस्ता उत्पीडित राष्ट्रहरूमा वेरोजगारीको समस्या विकराल बनेकाले ज्यालादारी श्रमिकका रूपमा जहाँ पनि जस्तो काम गर्न पनि भौंतारिनुपर्ने अवस्था सिर्जना भएको छ। यसको सवालमा नेपाली कांग्रेसले आफूलाई उत्पादनमुखी अर्थतन्त्रको र श्रमिकको पक्षमा रुपष्टरुपमा दह्रो गरी उभ्याउनु पर्दछ। पुँजी र श्रमको समान व्यहावहार नै समानताको व्यवहार हो। श्रमिकको नारामा आफ्नो सत्ताको रोटिसेक्नेहरुबाट साच्चैका श्रमजीवी मर्माहित बनेका छन्। तसर्थ, नेपाली कांग्रेसले नै अब श्रमजीवीको सच्चा मित्रको रुपमा उभिएर व्यवहार गर्न ढिला गर्नुहुँदैन।




उद्योग सञ्चालनका लागि राजनीतिक अस्थीरता, औद्योगिक असुरक्षा, ऊर्जाको न्यून उपलब्धता, कमजोर औद्योगिक पूर्वाधार सुविधा, दक्ष जनशक्तिको अभाव, प्रविधि ग्रहण गर्ने क्षमताको कमी, न्यून उत्पादकत्व, निर्यातयोग्य वस्तुहरूको विविधिकरणमा कमी, कमजोर आपूर्ति व्यवस्थापन स्थिति जस्ता पक्ष नेपालको औद्योगिक विकासमा मुख्य समस्याका रूपमा रहेका छन्। जसले श्रम बजारलाई चलायमान र गतिशील बनाउन सकेनन्। त्यस्तै जनमानसमा उद्योग, व्यवसायलाई जीविकोपार्जनको माध्यम बनाउने मनस्थिति र वातावरण नदेखिनु यतिखेरको मूल समस्या हो। स्वदेशमै लगानी गर्ने, आफ्नो पूँजीगत तथा बौद्धिक सम्पत्तिको अधिकतम् उपयोग उत्पादनमूलक क्षेत्रमा गर्ने र मुलुकमै स्वरोजगारका अवसरहरू बढाउने तथा विश्वासिलो औद्योगिक वातावरण सिर्जना गर्नु हामी सबैको साझा राष्ट्रिय चुनौतिका रूपमा रहेका बिषयहरु हुन्।

फलस्वरूप नेपाली श्रम विदेशी बजारमा आकर्षित हुनु, नीतिगत अर्कमर्ण्यताले नेपालमा व्यवस्थापनदेखि मजदुर तहसम्म दक्ष जनशक्तिको अभाव बढ्दै जानु र नेपालमा भएका महत्वपूर्ण स्रोतहरू त्यत्तिकै उपयोगविहीन अवस्थामा रहनुका कारणले अहिले पनि नेपाली उद्योग क्षेत्रको चुनौति भनेको उद्योग क्षेत्रमा ढुक्क भएर लगानी गर्न सकिने वातावरण बनाउनु नै रहेको छ। यी समस्याहरूका अतिरिक्त नेपालको भौगोलिक अवस्थिति, भू-धरातलीय बनौट, विश्वभर बढ्दो तीव्र प्रतिस्पर्धात्मक वातावरण, आर्थिक उदारीकरण, विश्वव्यापीकरणको प्रभाव, सूचना तथा सञ्चार प्रविधिको बढ्दो एवम् बदलिँदो भूमिका, वातावरणीय चुनौति जस्ता विषयहरूलाई मध्यनजर गर्दै औद्योगिक र व्यवसायिक प्रक्रियाहरू सरल, सहज र पारदर्शी एवम् वैज्ञानिक बनाउनु र देशको बृहत्तर विकासमा औद्योगिक क्षेत्रको भूमिका वृद्धि गर्नु आजको आवश्यकता रहेको छ। साथै, निर्यातयोग्य वस्तुहरूको प्रतिस्पर्धात्मक क्षमता विविधिकरण, उत्पादकत्व अभिवृद्धि गर्नु पनि उद्योग क्षेत्रको चुनौतिका रूपमा विद्यमान छन्।

नेपाली श्रमिक र श्रम बजारलाई उत्थान गर्न नेपाली कांग्रेसले निम्न बुँदाहरुमा ध्यान दिन जरुरी देखिन्छ।

- श्रम प्रशासन (श्रम ऐन, सामाजिक सुरक्षा ऐन लगायतका श्रम सम्बन्धी नियम कानूनहरु) चुस्त र दुरुस्त राख्नु पर्दछ।
- राज्यका कुनै पनि अङ्ग र निकायमा श्रम शोषण हुने कुनै पनि प्रकारको अभ्यासलाई निरुत्साहित गरिनु पर्दछ।
- Wage theft हुने, New form or Slavery, Child Labour & Bounded Labour, Forced labour को पूर्ण अन्त्य हुनु पर्दछ। यसलाई नै स्वतन्त्रताको साँचो अर्थको रुपमा बुझिनु पर्दछ।
- अनौपचारिक क्षेत्रलाई पहिचान पत्र र सामाजिक सुरक्षाको ग्यारेन्टी राज्यबाट गरिनु पर्दछ।
- उधमशिलताभित्र रोजगारदाता पहिचान प्रणाली लागू गरिनु पर्दछ। रोजगारदातालाई सम्मान र न्यून ब्याजदरमा ऋण र आवश्यकतामा सरकारले राहत समेत उपलब्ध गराउनु पर्दछ।
- युनियन आफै समाजवादी अवधारणा हो। जसले श्रमिकको हितका लागि आवश्यक कार्य र रोजगारदातासँग सामुहिक सौदाबाजी गर्दछ। तसर्थ, युनियन निर्माण, गठन र प्रभावकारी सञ्चालनमा पूर्ण साथ र सहयोग गरिनु पर्दछ।
- ट्रेड युनियन ऐन संशोधन, श्रम ऐन संशोधन र योगदानमा आधारित सामाजिक सुरक्षा ऐन संशोधन गरिनु पर्दछ।
- ग्लोबल युनियनको काउन्सिल निर्माण गरी विश्व स्तरको श्रम सचेतना कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गरिनु पर्दछ। सचेत श्रमिक नै प्रजातन्त्रको पहरेदार हो।
- श्रमिकको व्यवसायजन्य स्वास्थ्य र सुरक्षा पनि नेपाली कांग्रेसको प्रमुख सरोकारको बिषय हुनु पर्दछ।

*(पौडेल श्रम तथा रोजगार समिति, नेपाली कांग्रेसका सदस्य हुन्।)*

*poudel.gajendra@gmail.com*

# सञ्चार क्षेत्रका समस्याबारे छलफल र कोरोना संक्रमित पत्रकारलाई उपचार सहयोग



**बिर्तामोड, असार २७।** नेपाल पत्रकार महासंघ झापा शाखाको आयोजनामा शनिबार बिर्तामोडमा प्रादेशिक सञ्चार प्रतिष्ठान तथा सञ्चारकर्मीबीच सञ्चार क्षेत्रका समस्याबारे छलफल र सहयोग हस्तान्तरण कार्यक्रम सम्पन्न भयो ।

पत्रकार महासंघ झापाका अध्यक्ष एकराज गिरीको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि प्रादेशिक सञ्चार प्रतिष्ठान प्रदेश नं. १ का कार्यकारी निर्देशक यज्ञ शर्माले सञ्चार क्षेत्रको विकास र प्रवर्द्धनमा प्रतिष्ठानले काम गरिरहेको बताए । प्रतिष्ठानबाट सञ्चारकर्मी र सञ्चार संस्थाको हितमा विभिन्न कार्यक्रम सञ्चालन भएको र हुने बारे शर्माले जानकारी दिएका छन् । कार्यक्रममा प्रतिष्ठानको तर्फबाट शर्माले कोरोना संक्रमित भई अस्पतालमा उपचार गराएका पत्रकार पर्वत पोर्तेललाई २५ हजार रुपैयाँको चेक हस्तान्तरण गरे ।

प्रतिष्ठानका कार्यकारी निर्देशक शर्माले सञ्चार क्षेत्रको दिगो हितका लागि सम्बोधन गर्नुपर्ने विषयहरुमा सुझाव दिन झापाली सञ्चारकर्मीलाई आग्रह पनि गरेका छन् । पत्रकारलाई लेखनवृत्तिदेखि कोरोनाबाट प्रभावित सञ्चार संस्थाहरुलाई प्रतिष्ठानका तर्फबाट सहयोग गर्नेबारे छलफल भइरहेको उनले बताए ।

महासंघ झापाका निवर्तमान अध्यक्ष तारामणि सापकोटाले जिल्लाको सञ्चार क्षेत्रको अवस्थाको बारेमा जानकारी गराएका थिए । प्रतिष्ठानका सदस्य गोपाल काफ्ले, आन्तरिक मामिला तथा कानून मन्त्रालयका अधिकृतहरु उपेन्द्र श्रेष्ठ, कोमल दहालको कार्यक्रममा आतिथ्य रहेको थियो ।

महासंघका उपाध्यक्ष केशव भट्टराईले स्वागत गरेको कार्यक्रमको सञ्चालन सचिव डिकेश लामाले गरेका थिए । प्रदेश सरकारले आन्तरिक मामिला तथा कानून मन्त्रालय अन्तर्गत प्रादेशिक सञ्चार प्रतिष्ठान बनाएर सञ्चार क्षेत्रको समग्र विकासका लागि कार्यक्रमहरु अघि बढाउँदै आएको छ । प्रतिष्ठानले कोरोनबाट निधन भएका पाँचथरका पत्रकार एकराज भण्डारीकी श्रीमती शर्मिला दहाललाई ५० हजार रुपैयाँ र कोरोना संक्रमित भई अस्तालमा उपचार गराएका इलामका पत्रकार बुद्धवीर राईलाई २५ हजार रुपैयाँको चेक शनिवार नै सम्बन्धित जिल्लामै पुगेर हस्तान्तरण गरेको छ ।

प्रतिष्ठानले कोरोनाबाट ज्यान गुमाउने पत्रकारको परिवारलाई ५० हजार र सात दिनभन्दा बढी अस्पतालमा अक्सिजनसहित उपचार गराएका पत्रकारलाई २५ हजार रुपैयाँको दरले सहयोग गर्ने निर्णय गरेको थियो । निर्णय बमोजिम ओखलढुंगाका दीपेन्द्र रुम्जाली र जुद्धबहादुर राई, भोजपुरका सुरेन्द्र राई, खोटाङका लोकमणि रिजाल, उदयपुरका हरिकुमार राईलाई जनही २५ हजार रुपैयाँ तथा कोरोनाबाट मृत्युवरण गरेका सुनसरीका पत्रकार चन्द्रप्रसाद न्यौपानेकी श्रीमती अनिता गुरागाँईलाई ५० हजार रुपैयाँ प्रदान गरिने छ ।

## १६५ सञ्चारकर्मीलाई कोरोना खोपको दोस्रो मात्रा



**बिर्तामोड, असार २७।** नेपाल पत्रकार महासंघ झापा शाखाको समन्वय र पहलमा शनिवार जिल्लाका सञ्चारकर्मीलाई कोरोनाविरुद्ध खोपको दोस्रो मात्रा लगाइएको छ ।

स्वास्थ्य कार्यालय झापाको प्राविधिक टोलीले बिर्तामोडस्थित अतिथिसदनमा सञ्चारकर्मीलाई खोप लगाइ दिएको हो । गत असार १ गते भेरोसेल खोपको पहिलो मात्रा लगाएका एक सय ६५ जना सञ्चारकर्मीलाई खोपको दोस्रो मात्रा प्रदान गरिएको पत्रकार महासंघ झापाका अध्यक्ष एकराज गिरीले जानकारी दिए ।

स्वास्थ्य कार्यालय झापाका निमित्त प्रमुख इश्वरीप्रसाद पौडेलको नेतृत्वमा आएको प्राविधिक टोलीले सञ्चारकर्मीलाई खोप लगाइएको हो । जनस्वास्थ्य अधिकृत समिक्षा पराजुली, सिआइसीटी सहजकर्ता भवानी राय, सिनयर अहेव उकिलबहादुर खड्काले खोप लगाउन प्राविधिक सहयोग गरेका थिए ।

महासंघ झापाले हालसम्म खोप लगाउन छुटेका जिल्लाका सञ्चारकर्मीलाई तत्काल खोपको व्यवस्था गर्न आग्रह गरेको छ । खोप लगाउन छुटेका सञ्चारकर्मीलाई प्राथमिकता राखेर अबको चरणमा खोप प्रदान गरिने स्वास्थ्य कार्यालयका निमित्त प्रमुख पौडेलले प्रतिबद्धता जनाए ।

सञ्चारकर्मीलाई खोप लगाउने कार्यमा समन्वय र सहयोग गर्ने डीसीसीएमसी झापा लगायत सबैलाई महासंघ झापा शाखाले धन्यवाद ज्ञापन गरेको छ ।

# लायन्स क्लव अफ केर्खाको आयोजना रक्तदान



□ **उमानाथ भण्डारी**

**कमल, असार २७।** लायन्स क्लव अफ केर्खाको आयोजना तथा नेपाल रेडक्रस सोसाइटी दमक शाखाको प्राविधिक सहयोगमा कमल गाउँपालिका-३ स्थित केर्खामा रक्तदान कार्यक्रम सम्पन्न भएको छ ।

लायन्स क्लव अफ केर्खाले सप्ताहाव्यापी कार्यक्रम सञ्चालन गर्ने कार्यक्रम अन्तर्गत रगतदान कार्यक्रम गरिएको कार्यक्रममा ६२ जनाले रक्तदान गरेका थिए । लायन्स क्लव अफ केर्खाका अध्यक्ष लायन देवेन्द्र दाहालको अध्यक्षतामा सम्पन्न कार्यक्रक्रममा प्रमुख अतिथि कमल गाउँपालिकाकी अधयक्ष मेनुका काफ्ले, ३ नम्वर वडाका अध्यक्ष नरप्रसाद दंगाल, रिजनल चियर पर्सन लायन डाक्टर तिलक खनाल, जुन चियर पर्सन लायन भिम विजय बाँस्तोला, लायन्स क्लव अफ केर्खाका संस्थापक अध्यक्ष लायन अग्निप्रसाद कोइराला लगायतको सहभागिता रहेको थियो ।

लायन्स क्लव अफ केर्खाका सचिव लायन लेखनाथ सुवेदीले सञ्चालन गरेको कार्यक्रममा सहभागीलाई लायन्स क्लव अफ केर्खाका उपाध्यक्ष लियो लायन प्रितिका सुवेदीले स्वागत गरेका थिए ।

लायन्स क्लव अफ केर्खाले सप्ताहाव्यापी कार्यक्रम मनाउने क्रममा यसअघि शिवशताक्षी नगरपालिका वडा नम्वर ७ स्थित लक्ष्मीनारायण मन्दिरमा रहेका ज्येष्ठ नागरिकलाई सात थान बेड हस्तान्तरण गरेको थियो भने कमल गाउँपालिकाको वडा नम्वर ४ स्थित ज्योति आधारभूत विद्यालयको प्राङ्गणमा आफै रेखदेख र हुर्काउनेगरी एक सय थान बिरुवा रोपेको अध्यक्ष दाहालले जानकारी दिए ।


## पसल बिक्रीमा

बिर्तामोडस्थित शनिश्चरे रोड राष्ट्रिय वाणिज्य बैंक अगाडि चालू अवस्थाको कोल्ड सेन्टर बिक्रीमा ।

सम्पर्क : ९८१४९६३४८८

## राहदानी हरायो

काँकरभिट्टाबाट चारआली जाने क्रममा यही मिति २०७७।११।२५ गते मेरो निम्न व्यहोराको राहदानी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा बुझाई दिनुहुन अनुरोध छ ।

नाम:- सन्तोषकुमार पाण्डे
ठेगाना:- मेनपा–६ काँकरभिट्टा
साविक : मेनपा–१० काँकरभिट्टा
राहदानी नं.:- ०५९२८३१५

## सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्रवों (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

'चट्ट फोन झट्ट सेवा'






सम्पर्क: ०२३–५५२६२०
९८४२६५५७००, ९८०४९३८१००

## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।






सम्पर्क: ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२

## चिनारी राजश्व सेवा सेन्टर

- अनलाइन कर भुक्तानी/कर चुक्ता प्रमाणपत्र
- पर्सनल पान नम्बर पनि बनाइन्छ ।
- सरकारी निकायमा व्यवसाय दर्ता गर्नको लागि कागजात तयार गर्ने ।
- लेखा परीक्षण /VAT BILL सम्बन्धी काम

मो. ९८०४९७६५०६, ९८४२६४५३७५

## ताप्लेजुङ-पाथीभरा सफल यात्रा





बिर्तामोडबाट ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।

ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२/९८०१३६४०९३

## ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।





ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२/९८०१३६४०९३

## कर्मचारी आवश्यकता

यस कार्यालयलाई केही कर्मचारी आवश्यक परेकोले इच्छुकले तु–सम्पर्क गर्नुहोला ।

पद : अफिस कर्मचारी
संख्या : केही
तलब : १५,०००।–
योग्यता : SEE वा +2 सो सरह
कागजात : शैक्षिक योग्यता, प्रमाणपत्र, नागरिकता, pp साइज फोटो

सम्पर्क: ९८६६६७२५७९, ९८२५३५८७९६
बिर्तामोड–५, शनिश्चरेरोड

## बिमालेख हरायो

दमकबाट काठमाडौं जाने क्रममा यही मिति २०७७/१२/१० गते मेरो निम्न व्यहोराको गुराँस लाइफ इन्स्योरेन्स कम्पनी प्रालिको पोलेसी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम:- चन्द्रबहादुर राई
ठेगाना:- दमक–०९, झापा
हाल : दमक नपा–०४, झापा
पोलेसी नं.:- ०२३०००१६२०
कम्पनी नाम: गुराँस लाइफ इन्स्योरेन्स कम्पनि प्रा.लि.

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३–५४६००५






दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

## कर्मचारी आवश्यकता

मेची सहकारी संस्था लिमिटेड दमक झापाको २०७८ साल असार २५ गते बसेको मानव संशाधन व्यवस्थापन उप–समितिको निर्णय अनुसार संस्थाको झापा जिल्ला कन्काईस्थित सुरुङ्गा सेवा केन्द्र, शिवसताक्षीस्थित दूधे सेवा केन्द्र, गौरादह सेवा केन्द्र र दमक सेवा केन्द्रका तपशील अनुसारका कर्मचारी आवश्यकतापर्ने भएकाले इच्छुक नेपाली नागरिकहरुबाट दरखास्त आव्हान गरिन्छ ।

**तपसिल**

१) आवश्यकताको विवरण — प्रथमपटक प्रकाशित मिति: २०७८/०३/२५ गते

| क्र. स. | विज्ञापन नं. | पद | तह | स्थान | आवश्यक संख्या | छनौट किसिम |
|---|---|---|---|---|---|---|
| १ | ०७७/०७८/०१३ | सेवा केन्द्र प्रमुख | छैटौं | सुरुङ्गा,दूधे,गौरादह | ३ जना | लिखित, मौखिक, प्रयोगात्मक |
| २. | ०७७/०७८/०१४ | बजार प्रतिनिधि | चौथो | दमक | ३ जना | लिखित, मौखिक, प्रयोगात्मक |

२) शैक्षिक योग्यता :– विज्ञापन नं. ०१३ का लागि स्नातक तह उत्तीर्ण वा सो सरह, विज्ञापन नं. ०१४ का लागि १०+२ उत्तीर्ण ।
३) अन्य योग्यता :– आधारभूत कम्प्युटरमा राम्रो ज्ञान भएको, मोटरसाइकल चलाउन सक्ने, सहकारी क्षेत्रमा अनुभव र स्थानीयलाई प्राथमिकता
४) आवेदन शुल्क :– विज्ञापन नं. ०१३ का लागि रु ५०० र ०१४ का लागि ३००।–
५) उमेर :– १८ वर्ष पुरा भई ३५ ननाघेको ।
६) नियुक्तिको किसिम :– करार ।
७) दरखास्त भर्ने अवधि :– २०७८ असार २५ गतेदेखि साउन ८ गतेसम्म कार्यालय समयमा
८) प्रवेश पत्र लिने मिति :– २०७८।०४।०९ गते
९) परीक्षा हुने मिति :– विज्ञापन नं. ०१४ का लागि २०७८ साउन १० गते ८ बजेदेखि, विज्ञापन नं. ०१३ का लागि २०७८ साउन ११ गते, ८ बजेदेखि
१०) परीक्षा हुने स्थान :– प्रधान कार्यालय दमक–६, झापा
११) फारम पाईने स्थान :– प्रधान कार्यालय तथा संस्थाको सेवा केन्द्रहरु साथै संस्थाको Website www.mechicoop.com बाट डाउनलोड गरी भर्न सकिने छ ।
१२) तलब स्केल :– संस्थाको नियमानुसार
१३) अन्य सुविधा :– कर्मचारी संचयकोष, इन्धन खर्च, पोषाक भत्ता, खाजाभत्ता, वार्षिक बोनस, पर्व खर्च तथा अन्य सुविधा ।
१४) आवश्यक कागजातहरु:– हस्तलिखित निवेदन, नेपाली नागरिकताको प्रमाण–पत्रको प्रतिलिपी, विज्ञापनमा भएको पदको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यताको प्रमाण–पत्र र चारित्रिक प्रमाण–पत्रको प्रतिलिपी, तालिम र अनुभवसम्बन्धी प्रमाण–पत्रको प्रतिलिपी, व्यक्तिगत विवरण, मोटरसाइकल लाईसेन्सको प्रतिलिपी ।
१५) परीक्षाको पाठ्यक्रम:—

| क्र.स. | विषय | अंकभार | क्र.स. | विषय | अंकभार |
|---|---|---|---|---|---|
| १. | सामान्य ज्ञान | २० | ४. | मौखिक | ३० |
| २. | बजारशास्त्र र लेखा | ५० | ५. | प्रयोगात्मक | २० |
| ३. | सहकारी | ३० | | | |

नोट: सेवा केन्द्र प्रमुख पदका लागि स्थानीयलाई पहिलो प्राथमिकता दिइने छ ।

सदस्य सचिव
मानव संशाधन व्यवस्थापन उपसमिति
मेची सहकारी संस्था लिमिटेड

## अर्जुनधारा यातायात प्रा.लि.द्वारा सञ्चालित आरमदायी यात्रा

बिर्तामोडबाट रवि विहान ९ बजे गाडी नम्बर १७९९ अनुप, ९८४२६९८२४८, ५४६ उत्तम ९८४२६७२८२४, चन्द्र ५२६– ९८६७९९३४९१ साथै समालटार, २:१५ बजे सानुबर्दू २:४५ बजे दैनिक सेवा उपलब्ध छ ।

अध्यक्ष:
गोपाल घिमिरे (९८४२६८४७५६),
बिर्तामोड काउन्टर
सीताराम आचार्य: ९८४२६२३१५२

## सुरक्षा गार्डको आवश्यकता

२५ वर्ष माथि ५० वर्षसम्म उमेर भएका पुरुष र २० वर्षदेखि ३० वर्ष उमेर भएका महिला सेक्युरिटी गार्डको आवश्यकता परेको हुँदा इच्छुकले तु–सम्पर्क गर्नुहोला ।

*भू.पू. आर्मी, प्रहरीलाई विशेष ग्राह्यता ।*

विराट गोर्खा सेक्युरिटी प्रा. लि.
सम्पर्क कार्यालय बिर्तामोड
सिटी सेन्टर पूर्व, देवी कलेज रोड
फोन : ९८४२६२५०२०, ९८०४७३१५६८, ९८०४५६७८७२

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३–५४०१२३, ९८०३१५४६१९)




ज्यो. मधुसूदन रिजाल
(स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
रमाइलो जमघटमा सहभागी बन्ने अवसर जुट्न सक्छ। आफन्तसँग भेटघाट हुनुका साथै स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -**
पहिलेको सफलताले थप हौसला जगाउनेछ। नयाँ कामको प्रस्ताव आउनेछ भने सहयोगीहरूले उत्साह जगाउनेछन्।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
पहिलेका कमजोरी सुधार गर्दै फाइदा उठाउने समय छ। सुन्दर पहिरनका साथ व्यक्तित्व निखार्ने अवसर प्राप्त हुनेछ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
समयमा होस नपुग्नाले फजुल खर्च बढ्नेछ। चिताएका काममा अनायासै व्यवधान देखा पर्न सक्छ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
खर्च गरेर पनि त्यति फाइदा उठाउन नसकिएला। आफ्नै कमजोरीले विवाद निम्त्याउनेछ। प्रलोभन देखाउनेहरूले फसाउन सक्छन्।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
शुभचिन्तकहरूलाई बेवास्ता गर्दा दुःख पाइएला। परिवारजनबाट समेत टाढिनुपर्ला। सद्विचारले अभिप्रेरित हुनेहरूलाई फाइदा हुनेछ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -**
धेरै आम्दानी नभए पनि उठ्नुपर्ने रकम हातलागी हुनेछ। तर, हातलागी भएको रकम अरूको हातमा पर्न सक्छ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
पछिका लागि लगानी गर्नुपर्ला। अचल सम्पत्ति उपयोग गर्नुपर्ने हुन सक्छ। श्रमको उचित मूल्यांकन होला।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
आम्दानी तत्काल प्राप्त नहुन सक्छ। आवश्यकता पूरा गर्न सरसापट वा ऋण लिनुपर्ला। तत्काल फाइदा लिँदा पछिको लाभांश घट्न सक्छ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
राम्रो कर्मफल प्राप्त हुनाले मन प्रसन्न रहनेछ। मेहनत गर्दा जीवनशैलीमा परिवर्तन आउनेछ। लगनशीलताले किर्तिमानी दिलाउन सक्छ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
सामाजिक क्षेत्रमा नेतृत्व हातलागी हुने सम्भावना छ। व्यापारमा पनि राम्रै फाइदा हुनेछ। प्रतिष्ठित काम गर्ने अवसर मिल्नेछ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
विशिष्ट व्यक्तिको सहयोग जुट्नेछ। अरूलाई प्रभावित पारेर दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ।